# गुल्मी राज्यको राजनैतिक इतिहास र केही अप्रकाशित ऐतिहासिक सामग्री

टेकबहादुर श्रेष्ठ

नेपालको इतिहास पूर्ण भएको छैन। तसर्थ यसका लागि काठमाडौं उपत्यकाका पूर्व र पश्चिमका ऐतिहासिक प्रदेशहरूमा सर्वेक्षण गर्ने र त्यहाँ प्राप्त ऐतिहासिक सामग्रीहरूको आधारमा छुट्टा छुट्टै प्रादेशिक इतिहास तयार पार्न अत्यावश्यक हुन्छ। यस किसिमको कार्य नेपाल र एशियाली अनुसन्धान केन्द्रबाट विगत केही वर्षदेखि हुँदै आएको छ। यस सन्दर्भमा नुवाकोट तथा दोलखाका बेग्ला बेग्लै ऐतिहासिक रूपरेखा प्रकाशमा आइसकेका छन्। यसैगरी पश्चिमका चौबीसी राज्यहरूमध्ये धेरैजसो राज्यहरूमा सर्वेक्षण कार्य गरी प्रतिवेदन तयार गरिसकिएको छ। यहाँ चौबीसी राज्यमध्ये गुल्मी राज्यमा प्राप्त केही ऐतिहासिक सामग्री प्रकाशमा ल्याउने तथा गुल्मी राज्यको राजनैतिक रूपरेखा संक्षिप्त रूपमा भए पनि प्रस्तुत गर्ने प्रयास गरिएको छ।

काठमाडौं उपत्यकाको पश्चिममा काली गण्डकी नदीको प्रश्रवण क्षेत्रमा विस्तारित गुल्मी राज्य चौबीसीमध्ये एक हो। यो राज्य पर्वत, प्यूठान, पाल्पा आदिको तुलनामा सानो राज्य थियो। यसको पूर्वमा गरहुँ, पैञ्यु, पश्चिममा धुरकोट, उत्तरमा पर्वत, गलकोट र दक्षिणमा अर्घा राज्य पर्दथे। त्यसताका धुरीको गणना अनुसार राज्यको नाम राख्ने पद्धति रहेको हुँदा गुल्मीलाई '**छ हजार गुल्मी**' भनिन्थ्यो।

पवित्र स्थल मानिएको यस गण्डकी क्षेत्रले पौराणिक कालमा ऋषिमुनिहरूको तपस्या स्थलको रूप लिएको थियो। गुल्मी राज्यको रमणीय स्थल रेसुङ्गामा ऋङ्ग ऋषिले तपस्या गरेका थिए भनिन्छ।[1] यस कुरोको सम्झना यस पूज्य स्थलको दक्षिण पूर्वस्थित ऋङ्ग नामक वस्तीले दिलाइरहेको छ। यहीं जोसमनी सिद्धान्तका शशिधरले तपस्या गरेका थिए[2]। पछि यिनैका पुत्र लक्ष्मी नारायणले पनि यहाँ तपस्या गरेका थिए[3]। अहिलेसम्म पनि यो स्थल साधु-सन्तहरूको अखडा रहेको पाइन्छ।

लिच्छविकालमा नेपालको सीमा वर्तमानकालकै सरह थियो भन्ने कुरा विभिन्न ऐतिहासिक प्रमाणद्वारा सिद्ध भइसकेकोले[4] गुल्मी राज्य फैलिएको यो प्रदेश लिच्छविराज्य अन्तर्गत पर्दथ्यो भन्ने कुरो निश्चित छ। त्यस कालमा काठमाडौं उपत्यकादेखि टाढा-टाढाका प्रदेशमा सोझै केन्द्रबाट शासन चलाउन सम्भव नभएकोले केन्द्र अन्तर्गतका सामन्त शासकद्वारा यी प्रदेशको प्रशासन चल्दथ्यो। मध्यकालको पूर्वार्द्धमा भने विषयपतिहरू नियुक्त भई यिनीहरूबाट नै यी प्रदेशको प्रशासन चल्न थालेको थियो। ने. सं. ११९ (वि.सं. १०५५) को एउटा हस्तलिखित ग्रन्थमा गण्डी गुल्मको उल्लेख भएको छ।

यसैगरी ने. सं. २१३ को अर्को हस्तलिखित ग्रन्थमा 'श्रीगण्डीगुल्मविषये कुलपुत्रस्य कायस्थ श्रीजीवधर्रसिंहस्य पुस्तकम्' भनी गण्डी गुल्मलाई 'विषय' भनिएकोछ[5]। यहाँ उल्लिखित गण्डी गुल्म प्रदेश कुन प्रदेश थियो भन्ने कुरोमा विभिन्न मत देखिएका छन्। एक थरीले गण्डी गुल्म प्रदेश ललितपुरमा पर्दथ्यो भनी अनुमान गरेका[6] छन् भने अर्का थरीले वर्तमान गुल्मी भेकलाई औंल्याएका छन्[7]। यसबारेमा टुङ्गो लगाउन अरू सामग्रीको अभाव नै छ तापनि कर्णाली प्रदेशमा खस राजाको आधिपत्य रहनुभन्दा पहिले यस बीचको समयमा केन्द्र अन्तर्गतका विषयाधिपतिद्वारा प्रशासन चलाइएको थियो भनी अनुमान गर्न गाह्रो पर्दैन।

कर्णाली प्रदेशमा नागराजले नयाँ राज्यको स्थापना गरेपछि मध्यकालको इतिहासमा नयाँ मोड आयो। यिनीपछिका जितारी मल्ल, आदित्य मल्ल आदि राजाहरूले आफ्ना पूर्वजले आर्ज्येको राज्यलाई विस्तार गरी एउटा विशाल राज्य नै खडा गर्न समर्थ भएका थिए। अभय मल्लको समयसम्म यो राज्य सैनिक, आर्थिक आदि दृष्टिले शक्तिशाली नै रहेको थियो। यिनको राज्यकालपछि खस राज्य टुक्रियो[8]। फलतः यो विशाल राज्य बाइसी र चौबीसी राज्यहरूमा विभाजित भयो।

गण्डकी प्रदेशका चौबीसी राज्यमध्येको गुल्मी राज्यको स्थापनाकालबारेमा प्रकाश पर्ने धेरै कम सामग्री भएकोले गुल्मीका राजाको नाम र क्रम समेत राम्ररी प्रस्तुत गर्न गाह्रो भएको छ। गुल्मीसँग सम्बद्ध ऐतिहासिक सामग्रीहरूमध्ये सेन वंशावलीमा 'गुल्मी सेन वंश' भनी छुट्टै शीर्षक दिइएको छ[9] तापनि यसमा गुल्मीका राजाहरूको विवरण खुलेको छैन। यहाँ मुकुन्द सेन, महादत्त सेन, पृथ्वीपाल सेनका नामोल्लेख मात्र छ। यसबाट गुल्मी राज्यको संस्थापक तथा उनका वंशजहरूको बारेमा केही थाहा हुँदैन। एउटा पत्रमा[10] "...... ... **वीर साहका सन्तानहरूले १३ पुस्तासम्म सो राज्य गरेपछि गोर्षा सर्कार वेकाम्मे भैवक्स्याको हो......**" भन्ने वाक्यांश परेकोले गुल्मी राज्यको संस्थापक वीर शाह थिए भन्ने बुझिन्छ। चौबीसी राज्यमध्ये धेरैजसो राज्यहरूमा तेह्र अर्थात् चौध पुस्तासम्मका राजाहरूले राज्य चलाएको कुरा विभिन्न वंशावलीबाट स्पष्ट हुन्छ। यी कुराहरूलाई विचार गर्दा वीर शाहलाई नै गुल्मीका प्रथम राजा मान्न उचित देखिन आउँछ। एकजना राजालाई साधारणतः २५ वर्षको शासनकाल छुट्याउने इतिहासकारहरूको चलन अनुसार १४ पुस्तालाई (१४x२५=३५०)३५० वर्ष जति हुन आउँछ। यसैगरी वि.सं. १८४३ मा गुल्मी राज्य नेपाल अधिराज्यमा गाभिन आएकोले यसको स्थापना (१८४३-३५०=१४९३) वि.सं. १४९३ तिर भएको देखिन्छ। यसरी इ. सं. १४०० देखि १५०० सम्ममा गुल्मी आदि केही राज्यहरूको स्थापना भएको थियो भन्ने बाबुराम आचार्यज्यूको अनुमान[11] मिल्दो देखिन आएको छ।

गुल्मी राजाहरूको बारेमा केही लेख्नुभन्दा पहिले यिनीहरूको वंशबारे चर्चा गर्नु उचित देखिन्छ। गुल्मीमा कालामकवानी वंशले शासन चलाएका थिए भनिन्छ[12]। यस बारेमा सेन वंशावलीमै गुल्मीका राजाहरूलाई कतै 'सेन' र कतै 'शाह' भनिएको पाइन्छ। अर्कातिर तात्कालिक सामग्रीहरूमा राजाहरूले आफूलाई सेन नभनी शाह मात्र लेखेका छन्[13]। कालीगण्डकीको पूर्वी भेकमा शाह राजाहरूले स्वतन्त्र राज्य स्थापना गरेका थिए। यिनीहरू आठ टीका शाह राजा कहलाएका थिए। तर गुल्मीका शाह राजाहरू भने आठ टीकाभित्र परेको पाइँदैन। अर्को विचारणीय कुरो, गुल्मीका राजाहरूले आठ टीका शाह राजाहरूले भन्दा बेग्लै प्रकारको प्रशस्ति चलाएका थिए। अहिलेसम्म प्राप्त भएका तात्कालिक ऐतिहासिक सामग्रीहरूमध्ये वि. सं. १७०३ को अभिलेखमा राजा शाही शाहीले आफूलाई 'श्रीमहाराज' लेखेका छन्[14] भने अर्का राजा कीर्तिकल्याण शाहले 'स्वस्ति श्रीमहाराजाधिराज श्री श्री श्री मत्कीर्तिकल्याण शाह देवानां सदा समर विजयिनां' लेखेका छन्[15]। तर यसै वंशका अर्का राजाले भने 'स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमहाराजाधिराज श्री श्री श्री मत्सत्यधन शाह देवानां सदा समर विजयिनाम्" लेखेका छन्[16]। यसैगरी गुल्मीका अन्तिम राजा शिव नारायण शाह र उनका वंशजहरूले पनि यस्तै प्रशस्तिको अनुकरण गरेका छन्[17]। यो प्रशस्ति शाह राजाहरूले लेख्ने प्रशस्तिभन्दा फरक छ र यो सेन राजाहरूको प्रशस्तिसँग बढी मिल्छ।

पाल्पाका प्रसिद्ध राजा मुकुन्द सेनले (वि.सं. १५७५-१६१०) राज्य विस्तार गर्दा पश्चिमोत्तरमा पर्ने गुल्मी, अर्घा, खाँची, आदि राज्य पनि कज्याए। र गुल्मीमा यिनले आफ्नी कान्छी आमापट्टिका भाइहरू उग्र सेन, र पूर्ण सेनलाई राजा बनाए भनिन्छ[18]। यसबारेमा पनि निश्चित गर्न गाह्रो छ तापनि गुल्मीका राजाहरूको सेनहरूसँग निकटतम सम्बन्ध रहेको थियो। यसैले यिनीहरूलाई कालामकवानी वंशका थिए भनी अनुमान गरिएको बुझिन्छ।

अब यहाँ सर्वेक्षणमा प्राप्त सामग्रीको आधारमा गुल्मी राजाहरूबारे केही लेखिन्छ।

## वीर शाह :

वीर शाह गुल्मीका पहिलो प्रामाणिक राजा देखिन्छन्। यिनको शासनकाल वि. सं. १४९३ तिरदेखि शुरू भएको अनुमानित हुन्छ। यिनको बारेमा प्रकाश पर्ने सामग्रीको धेरै अभाव छ। एउटा पत्रमा[19] यिनले रेसुङ्गामा गुल्मी रजस्थल चार पालाका गौपालनकालागि गौविर्ता दिएको कुरो परेको छ। यसबाट यिनको धार्मिक प्रवृत्तिबारे पनि केही स्पष्ट हुन्छ। यस स्थलमा गाईवस्तु पाल्ने काम केही वर्षअघिसम्म पनि थियो। त्यसलाई सम्झाउने गोठका अवशेष अझै देख्न पाइन्छ।

वंशावली अनुसार वीर शाहपछि रुद्र शाह र कीर्ति शाह क्रमशः राजा भए[20]। यिनीहरूको बारेमा कतै केही थाहा पाइएको छैन।

## शाही शाही :

कीर्ति शाह पछि बीचका केही पुस्ता छोडी शाही शाही राजा भएका थिए। वि.सं. १७०३ मा राजा शाही शाहीले गुल्मीमा एक दरबार बनाउन लाइराखेको अभिलेख[21] सानो भए पनि गुल्मीको इतिहासमा निकै प्रकाश पार्ने खालको छ। यस अभिलेखबाट त्यसताका राजा शाही शाही थिए भन्ने कुरो निश्चित भएको छ। साथै सो दरबार बनाउने मुख्य कालिगढ विनयसिं थिए भन्ने कुरो पनि यसैमा 'विनयसिह शिल्पिना कृतं गृहमिदं' भन्ने कुँदिएबाट स्पष्ट हुन्छ। यो दरबार भग्न भएपछि यही दरबारका ईंटा, ढुङ्गा, काठको सदुपयोग गरी जीर्णोद्धार गरियो । पछि २०२६ आश्विन १२ गतेको दिन फेरि जीर्णोद्धार भएको कुरो अर्को काष्ठ पत्रमा कुँदिएको छ। हाल सो भवनमा श्री ईश्वरी निम्न माध्यमिक विद्यालय सञ्चालन भइरहेको छ।

राजदरबार प्रशासनिक दृष्टिले केन्द्र रूपको हुने हुँदा यस्ता दरबारको निर्माण गर्दा सुरक्षालाई प्राथमिकता दिइन्थ्यो[22]। गुल्मीको यो दरबार सामरिक दृष्टिले महत्त्वपूर्ण स्थलमा निर्माण गरिएको थियो। यस दरबारको चारैतिर अर्वाथोक, मुसीथोक, गलमथोक,पाल्पाथोक रहेका छन्। यी चार थोक चारतर्फ भएकाले पनि गुल्मी दरबार निकै सुरक्षित रहेको थियो।

उपर्युक्त अभिलेखबाट त्यसताकाका वास्तुकला, मूर्तिकला आदिबारे विवेचना गर्न निकै मद्दत मिलेको छ। ईंट, ढुङ्गा, काठ आदिको प्रयोग गरी भवन, मन्दिर बनाउने शैली नेपालको पहाडी भेकमा प्रचलित थियो। गुल्मीको यो दरबार पनि यही शैलीमा निर्माण गरिएको थियो। यस दरबारको मूल ढोका काठको बनेको थियो। यस ढोकामा विभिन्न बुट्टाहरू कुँदिनाको साथै माथिल्लो भागको बीचमा गणेश-मूर्ति पनि कुँदिएको छ। हालको मूल ढोकाको दायाँ बायाँ पट्टिका झ्यालहरू पनि बुट्टेदार छन्। यस दरबारको अगाडिपट्टिका भित्तामा लहरै काठका विभिन्न देवदेवीका मूर्तिहरू रहेका छन्। यी मूर्तिका तल्लो भागमा कामकला सम्बन्धी चित्र पनि कुँदिएका छन्। यी मूर्तिहरू सो दरबारमा रहेको नभई कुनै देव मन्दिर भग्न भएपछि त्यहाँबाट ल्याइएका टुँडाल यी हुन् कि भन्ने अनुमान हुन्छ।

यस दरबारको माथिल्लो तलामा ढलोटको भगवती-मूर्ति रहेको छ। सो मूर्ति पछिमात्र स्थापना गरिएको हो; पुरानो मूर्ति नरहेको कुरा पुजारीबाट थाहा भएको छ। यसबाहेक यहाँ तोपका नाला, भरूवा बन्दूक, तरवार, हुक्का आदि वस्तु रहेका छन्। यिनमा हुक्का निकै कलात्मक रहेको छ।

यस दरबार क्षेत्रमा पानीको अभाव रहेको थियो। चौथाइ मील जति टाढा गएपछि मात्र यो अभावको पूर्ति हुन्थ्यो[23]। पँधेराको पानी सुक्न नपाओस् भनी पँधेरा वरपरका जङ्गल मास्न नपाइने व्यवस्था तात्कालिक राजाहरूले मिलाएका थिए। गलमथोकका वेदपानी र अर्वाथोकका चिडीया पँधेराहरूको सम्बार पछिसम्म पनि गर्दै आएको कुरा ऐतिहासिक सामग्रीले बताउँछ[24]। यहाँ अद्यापि पानीको अभाव छ।

गुल्मी दरबारको उत्तरपट्टिसँगै एक विशाल शिवालय रहेको छ। हालै जीर्णोद्धार गरिएको सो शिवको मन्दिरमा शिव-लिङ्ग बाहेक काली र भीमसेनका शिला-मूर्ति रहेका छन्। यहाँ रहेका पूजा-सामग्रीमध्ये धातुको एउटा पानसमा ने. सं. ८२४ (वि. सं. १७६०) को अभिलेख कुँदिएको छ[25]। यो अभिलेख नेवारी लिपि र नेवारी भाषामा छ। यो पानस चिकुटीद्वारा आगमजुलाई चढाइएको हो। यसबाट एउटा कुरो के बुझिन्छ भने यहाँ आगमजुको बेग्लै मन्दिर पनि रहेको थियो। सो मन्दिर भग्न भएपछि त्यस मन्दिरका सामग्री यस मन्दिरमा ल्याएको अनुमान गर्न सकिन्छ। अर्को कुरो, नेपालको एकीकरण हुनुभन्दा पहिला नै केही नेवारहरू पश्चिमतर्फ लागेको कुरो यस अभिलेखबाट स्पष्ट हुन्छ। यसबाहेक यसताकाका अरू केही अभिलेख प्यूठानमा पाइएका हुँदा यसबारे अझ बढी स्पष्ट हुन्छ[26]।

## कीर्तिकल्याण शाह :

कीर्तिकल्याण शाह गुल्मीका अर्का राजा थिए। यिनले जारी गरेको ताम्रपत्रमा[27] तिथिमिति नदिएइएको हुँदा यिनको राज्यकाल निश्चितगर्न गाह्रो भएको छ। यसर्थ यस ताम्रपत्रमा प्रयोग गरिएको लिपि, भाषा आदिको आधारमा यिनलाई यो क्रममा राखिएको छ।

कीर्तिकल्याण शाहले यस अभिलेखमा 'श्रीमहाराजाधिराज' मात्र लेखेका छन्। त्यसताका राजाहरू पूरा प्रशस्ति नदिई यसरी पनि ताम्रपत्र, लालमोहर जारी गर्दथे। यहाँ कीर्तिकल्याण शाहले लिहिद्रै खत्रीलाई पाल्हीअ(?) र घर विर्ता दिएको कुरो परेको छ। यसमा विर्ता बेच्न नपाउने बन्देज राखिनुको साथै अपुताली, जारी आदिमा रकम तिर्न नपर्ने सुविधा पनि दिलाइएको छ। यी खत्रीले गुल्मी रजस्थल नजीकै पर्ने धर्मपानी भन्ने स्थानमा पौवा गुठी राखेका थिए[28]। यस किसिमको गुठीमा कुनै रकम तिर्न नपर्ने व्यवस्था थियो। वि.सं. १९१६ सम्म पनि यसमा कर माफी भएको थियो[29]। यसरी विर्ता पाउने लिहिद्रै खत्रीको परिचय प्राप्त भएको छैन तर यिनी गुल्मीका राजा शिवनारायण शाहताकाका प्रसिद्ध शशिधर खत्रीका पूर्वज भएको बुझिएको छ। यिनका वंशजहरू सैनिक सेवामा संलग्न थिए।

कीर्तिकल्याण शाह वैष्णव धर्ममा श्रद्धा राख्दथे। कृष्ण गण्डकीको प्रवाह सँगसँगै वैष्णव सम्प्रदायको लहर चलेको थियो[30]। यस नदीका निकटवर्ती राज्य पर्वत, पाल्पा आदिका राजाहरू वैष्णव सम्प्रदायका राम र कृष्णका भक्त देखिएका छन्। कीर्तिकल्याण शाहले गरिदिएको ताम्रपत्रको शिरोभागमा 'श्रीराम' कुँदिएकोले वैष्णव सम्प्रदाय अन्तर्गतका 'राम' का भक्त यिनी थिए भन्ने कुरो सिद्ध हुन्छ।

**सत्यधन शाह :**

राजा सत्यधन शाह गुल्मीका अर्का राजा थिए। यिनका वि.सं. १८०६ र १८०८ का दुई पत्रहरू पाइएका छन्[31]।

सत्यधन शाहका यी दुई रजबन्धक पत्रहरूबाट गुल्मी राज्यको तात्कालिक आर्थिक इतिहासमा केही प्रकाश पर्दछ। त्यसताका राजाहरूले आवश्यकता परे, जनतासँग ब्याज तिर्ने गरी ऋण लिने, जग्गा बिक्री गर्ने तथा बन्धकी राख्ने प्रथा चलेको थियो। सत्यधन शाहले जग्गा बन्धक राखी रुपियाँ लिएको उदाहरण उपर्युक्त पत्रहरूमा रहेको छ। तात्कालिक राजाहरूले गरिदिएको रजबन्धकबारे जानकारी दिने अरू पत्रहरू पनि प्राप्त भएका छन्[32]। यो प्रथा पर्वत, पाल्पा, तनहूँ आदि राज्यहरूमा पनि रहेको थियो।

**शिवनारायण शाह :**

शिवनारायण शाह वीर शाहको वंशजमा चौधौं तथा अन्तिम राजा थिए। यिनको वि.सं. १८४२ को एउटा पत्र पाइएको छ[33]।

गुल्मी राज्यको छिमेकी राज्यहरूसँगको सम्बन्ध र राजनैतिक गठबन्धनबारे प्रकाश पार्ने ऐतिहासिक सामग्रीको अभाव छ तापनि अरू राजाहरूको पालाको तुलनामा शिवनारायण शाहताका केही बढी पाइने हुँदा यी सामग्रीको आधारमा तात्कालिक राजनैतिक गतिविधिबारे प्रकाश पार्न यहाँ प्रयास गरिएको छ।

गुल्मीमा शिवनारायण शाह राजा रहेताका छिमेकी राज्य पर्वतमा कीर्तिबमल्ल राजा थिए। यिनी चौबीसी राज्यमध्येका एक शक्तिशाली राजा थिए। यिनले गोरखाका राजा श्री ५ पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई असफल पार्न निकै प्रयत्न गरेका थिए[34]।

यता श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने उद्देश्यले नेपाल-उपत्यकामाथि विजय गर्न उपत्यका वरपरका प्रदेश कब्जाई आर्थिक नाकाबन्दी गर्न सफलता प्राप्त गर्दै थिए। यिनी चौबीसी राज्य जित्नका लागि पश्चिममा सल्यान, जाजरकोट, आदि बाइसी राज्यहरूसँग सम्बन्ध जोड्न सफल भएका थिए। यिनले चौबीसी राज्यहरूमध्ये केहीलाई हात लिई तथा फुटाई विजय गर्ने (Divide and Rule) नीति लिएका थिए। यसका लागि यिनले विभिन्न अधिकारीहरूलाई त्यसतर्फ दूतस्वरूप पठाएका थिए। वि. सं. १८२२ मा श्री ५ पृथ्वीनारायण शाहले रामकृष्ण कुँवरलाई लेखेको एउटा पत्रमा[35] "........**पाल्पाको फौज पनि उठ्यो भनी विन्ति गरी पठायाछौ त्यो फौजले गुल्मी हान्यो कि कसो हो बुझी विन्ति गरी पठाउ.....**" वाक्यांश परेको छ[35]। यसबाट गुल्मी र पाल्पाको सम्बन्ध राम्रो थिएन भन्ने बुझिन्छ। यसताका पाल्पामा मुकुन्द सेन द्वितीय राजा थिए। श्री ५ पृथ्वीनारायण शाहले कालु पाण्डेलाई लेखेको वि. सं. १८२७ का अरू पत्रहरू चौबीसी राज्यमध्ये गुल्मी, तनहूँ आदि राज्यहरू बीच राम्रो सम्बन्ध नभएको बुझिन्छ[36]। गोरखाले गुल्मी, प्यूठानलाई आफ्नो पक्षमा मिलाउन लागेको संकेत पनि यी पत्रहरूबाट पाइन्छ। तर गोरखाली फौजले गरहुँ दख्खल गरेपछि गरहुँका बालक राजालाई गुल्मीले शरण दिएकाले गुल्मी र गोरखाको सम्बन्ध बिग्रँदै गएको बुझिन्छ।

वि. सं. १८२८ देखि १८४० सम्मको गुल्मी राज्यको राजनैतिक गतिविधिबारे थाहा हुँदैन । तर श्री ५ पृथ्वीनारायण शाह सतहुँको हारपछि चौबीसी राज्यमध्ये पर्वत, गलकोट, प्यूठान आदि राज्यलाई लाषविसी दिई आफ्नो पक्षमा मिलाउने प्रयासमा लागेका थिए। साथै शत्रु राज्यका प्रभावशाली धनीमानी व्यक्तित्वहरूलाई प्रलोभन देखाई ती राज्यको रहस्य थाहा पाउने कार्यमा श्री ५ पृथ्वीनारायण शाहलाई केही सफलता मिलेको थियो। यसर्थ यिनी पछिका राजा श्री ५ रणबहादुर शाहका पालामा नायब राजेन्द्र लक्ष्मीले पनि उही नीतिको अनुसरण गरेकी थिइन्। यिनलाई गुल्मीका प्रभावशाली व्यक्तिहरूमध्ये शशिधर खत्रीलाई आफ्नो पक्षमा मिलाउन निकै सफलता मिलेको देखिन्छ। शशिधरलाई लेखिएको वि. सं. १८४१ को एउटा पत्रमा[37] "....**तिमी भन्याका हाम्रा सेवक हौ हिजो भरभारा पनि गरिआयौ आज पनि गोर्खा गुल्मी एक रहन्या अर्थ गर तुम्रो सेवा हामीले देख्याको छ......**" भन्ने वाक्यांशबाट शशिधर खत्रीलाई आफ्ना पक्षमा लिई गुल्मी लिने दाउ रचिएको स्पष्ट हुन्छ। वि. सं. १८४२ को अर्को पत्रमा[38] "......**ताहाँवसी सेवा गर्‍याको र इहा आइ सेवा गर्‍याको एकै हो सेवा हामीले देषन्यै छौं तहाँ अनकृपा भयाका दिन पालना गर्न्या हामी छौं......**" भनी शशिधरलाई आश्वासन दिइएको छ। यी कुराहरूबाट गुल्मीको अवस्था कमजोर हुँदै गएको संकेत मिल्छ।

गुल्मीले गोरखाको हतियार बनी खाँचीमाथि आक्रमण गरी गोरखाको पक्ष लिएको थियो। गुल्मी राज्यको गोरखा समर्थक प्यूठान, सल्यानसँग पनि साँठगाँठ थियो। यी राज्यहरू खाँची तथा पर्वतमाथि हमला गर्न सहमत थिए भन्ने कुरो वि.सं. १८४२ को पत्रबाट[39] स्पष्ट हुन्छ। वास्तवमा चौबीसी राज्यहरूबीच मेलमिलापको कमी थियो। आफ्नो स्वार्थ पूर्तिका लागि एक राज्यले अर्को राज्यको विरूद्ध अर्कोलाई गुहार दिने चलन थियो[40]। यिनीहरूमा टाढासम्म हेर्ने क्षमताको कमी थियो। अर्कोतिर वि. सं. १८४२ सम्ममा काली गण्डकी पूर्वका चौबीसी प्रदेश नेपाल अधिराज्यमा गाभिसकेको थियो[41]। अब पर्वत र पाल्पा दुई शक्तिशाली राज्य मात्र बाँकी थिए। यिनमा पनि नायब राजेन्द्र लक्ष्मी देवीको मृत्युपश्चात् बहादुर शाहले पाल्पासँग वैवाहिक सम्बन्ध जोडेपछि गोरखाको टक्कर लिनसक्ने पर्वत एक्लो थियो। यस मौकामा गुल्मीमाथि आक्रमण गर्ने तयारी भयो। त्यसताका ठूलठूला कार्य गर्न साइत ज्योतिषी लक्ष्मीपति पाण्डेले हेरे। "**गुल्मीको भूमि युद्धले अघायाको छैन, आषाढ २२ दिन जादासम्म त युद्धको इच्छा एस भूमिलाई छ**" भनी यिनले भविष्यवाणी गरे[42]। तर काजी जीव शाहले नेतृत्व गरेको गोरखाली फौजले वि. सं. १८४३ ज्येष्ठ १० गते नै गुल्मी विना लडाञी विजय गर्‍यो[43]। यसपछि गुल्मी रजस्थल वरपरका अर्जुङ्गा, रेसुङ्गा, सल्यानथोक, चन्द्रकोट, आदि प्रदेश नेपाल अधिराज्यमा गाभिए। वास्तवमा गुल्मीमा गोरखाली फौजसँग त्यतिका दिनसम्म लड्ने क्षमता पनि थिएन। नत्र राजा शिव नारायण शाहले गोरखाली फौज काली तरेपछि नै रामनगरतर्फ भाग्नपर्ने अवस्था आउने थिएन। यसरी वीर शाहको वंशको राज्य केही समयका लागि गुम्यो।

## महादत्त सेन :

गुल्मीमा अब सेन वंशका पाल्पाका राजा महादत्त सेनले राज्य चलाउन थाले। यिनको राज्यकाल वि. सं. १८३७ देखि १८५० सम्म रहेको कुरो सर्वेक्षणमा प्राप्त तात्कालिक पत्रहरूबाट थाहा हुन्छ[44]। यिनले आफ्ना ज्वाईं गोरखाका राजकुमार बहादुर शाहबाट चौबीसी आदि राज्य विजय गर्न सहयोग दिए बापत पुरस्कारस्वरूप गुल्मी अर्घाखाँची राज्यहरू र केही हात्ती घोडा नगद पाएका थिए[45]। **महादत्त सेनले वि. सं. १८०४ मा 'श्रीनगर' को निर्माण गरी महत्त्वपूर्ण कार्य गरेका थिए[46]।** यिनी नेपालको आश्रित राजाका रूपमा रहेका थिए।

महादत्त सेनकै शासनकालमा अर्थात् वि.सं. १८४६ मा गुल्मीकी राजकुमारी राजराजेश्वरीसँग श्री ५ रणबहादुर शाहको विवाह भएको थियो[47]। यी राजकुमारी शिवनारायण शाहकी नातिनी थिइन्। बडामहारानी राजराजेश्वरी देवीलाई वि.सं. १८५५ मा नायबी चलाउने अधिकार सुम्पिएको थियो[48]। पतिव्रता राजराजेश्वरीले यस समयमा निकै कष्ट भोग्न परेको थियो । यिनी वि.सं. १८६३ वैशाख १५ गते श्री ५ रणबहादुर शाहको हत्या भएपछि हेलम्बुबाट आई सती गइन्[49]। यी कुराहरूबाट नेपालको राजनैतिक इतिहासमा राजराजेश्वरीको देन महत्त्वपूर्ण रहेको देखिन्छ।

## पृथ्वीपाल सेन :

महादत्त सेनपछि उनका छोरा पृथ्वीपाल सेन राजा भए। यिनले गुल्मी, अर्घा, खाँची राज्यहरूमा पनि शासन चलाउँदै थिए। यिनको समय प्राप्त ऐतिहासिक सामग्रीको आधारमा वि. सं. १८५१ देखि शुरू भएको देखिन्छ[50]।

यसताका नेपालका राजा श्री ५ रणबहादुर शाह थिए। यिनले काका राजकुमार बहादुर शाहबाट राजकाज लिनासाथ गुल्मी राज्य पृथ्वीपाल सेनबाट खोसी आफ्ना जेठान सिद्धिप्रताप शाहलाई सुम्पेका थिए[51]। यस घटनापछि नेपाल र पाल्पा बीच रहेको सम्बन्ध बिग्रन थालेको थियो।

गुल्मी राज्य सिद्धिप्रताप शाहलाई फिर्ता दिइए पनि अर्घा राज्यमा भने पृथ्वीपाल सेनकै आधिपत्य रहेको थियो। यो कुरो हालै अर्घाखाँचीको सर्वेक्षण क्रममा प्राप्त वि. सं. १८५७ को ताम्रपत्राभिलेखमा[52] पृथ्वीपाल सेनले नयनसिहद्वारा स्थापना गरिएको गौरी शङ्करको पूजाका लागि राखिदिएको व्यहोराबाट स्पष्ट हुन्छ।

## सिद्धिप्रताप शाह :

वीर शाहका वंशज सिद्धि प्रताप शाहको हातमा एकपल्ट फेरि राज्याधिकार आयो। यिनी गुल्मीका अन्तिम राजा शिवनारायण शाहका छोरा थिए। यिनले वि. सं. १८५४ मा आफ्ना पिताले गरिदिएको वाँधा सम्बन्धी पत्रलाई थमौती गरिदिएको पत्र पाइएको छ[53]। यसबाट उपरोक्त कुरोको पुष्टि हुन्छ। गुल्मी राज्य Vassal State को रूपमा रहेको थियो [54]। सिद्धिप्रताप शाहको मृत्यु वि.सं. १८९२ मा भएको थियो[55]।

## शक्तिप्रचण्ड शाहः

सिद्धिप्रताप शाहपछि शक्ति प्रचण्ड शाह राजा भए। यिनले वि. सं. १८७२ मा श्री महाकालीलाई चढाएको गुठी सम्बन्धी एउटा पत्रबाट[56] उपरोक्त कुरोको पुष्टि हुन्छ। यिनले सिद्धिप्रतापको मृत्युभन्दा पहिले नै राज्याधिकार पाएका थिए भन्ने देखिन्छ। यिनको बारेमा अरू प्रकाशमा आएको छैन। यसरी यिनका वंशजहरू पनि राजा रजौटा उन्मूलन नहुन्जेलसम्म गुल्मीका राजा रहेका थिए भन्ने बुझिन्छ।

# गुल्मीका ऐतिहासिक सामग्री

## (१)
## दरबारको काष्ठअभिलेख

गुल्मी रजस्थलस्थित दरबारको अगाडिपट्टि रहेको निदालमा यो अभिलेख कुँदिएको छ। यहाँ वि. सं. १७०३ दिइएको छ।

१. श्री शाकेवसुग्मवाणशशाके श्रीसंवत् १७०३ समये आषाढ सुदि ३ श्रीमहाराजाधिराज श्रीमत्साही साहि देवानां

२. विनयमिह शिल्पिनां कृतं गृहमिदं

## (२)
## सं. पानसको अभिलेख

गुल्मी दरबारसँगै पश्चिमपट्टि शिवको एउटा सानो मन्दिर रहेको छ। सो मन्दिरमा रहेका पूजा-सामग्रीमध्ये धातुको एउटा पानसमा यो अभिलेख कुँदिएको छ। यहाँ ने. सं. ८२४ (वि.सं. १७६०) दिइएको छ।

१. संमत ८२४ श्री ३ आगमजु प्रितिन चिकुतिन दुंता।।

## (३)
## कीर्तिकल्याण शाहको अभिलेख

गुल्मी खरजुङ निवासी श्री नेगुबहादुर टण्डनसँग रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यसमा तिथिमिति दिइएको छैन।

श्री राम

१. स्वस्ति श्रीमाहाराजधिराज

२. श्रीश्रीश्रीमत्कीर्ति कल्याण सा-

३. ह देवानां सदा (स)मर विजइनां लि-

४. हिंद्रै षत्रिकन पाल्हिअ वनाइ

५. टोलाको घर दुइ थुक विर्ति दि-

६. न्यां वेचिना नाहि षत्रिको डंड

७. अपुतालि जारी नास्ति साछि

छेउमा -

कता श्रीमनि महत

लोकमनि राउत

## (४)

१. स्वस्ति श्रीरूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत
२. श्रीमाहाराजधिराज श्रीश्रीश्रीमत्सत्यधन साह देवानां सदा समर विजयिं
३. नां लिषितम्
४. उप्रांत सिरपति पाध्यालाई तगुवाको षेत असिमुरि वाधा दिया तस्को मोल रू-
५. पैया सोह्र बिस चार अंकेपि ३२४ रूपैया दियाका दिन मुक्त कर्ता
६. रणविर साहि साछि धन्नाम वस्न्यात् उमरा पर्वल कवर दिसालि धनपति
७. एति साक्षि शाके १६७१ कात्तिक वदि ७ रोज शनि मुकाम गुल्मी शुभं

छेउमा - लिषक साछि पंडित नित्यानन्द

(गुल्मी, तमघासका पं. श्रीपरशुराम पन्थीसँग यसको सक्कल पत्र रहेको छ)

## (५)

श्री

१. स्वस्ति श्रीरूपनारायणेत्यादि विविधं विरूदावली विराजमान मानोन्नत श्रीमा-
२. हाराज श्रीश्रीश्रीसत्यधन साह देवानां सदा समर विजइनाम लि-
३. षितम्
४. उप्रान्त षल्या पाडेलाई षेत वाधा दिया वाहुल्या ४० मुरी चालिस मुरी मन्य थापा-
५. को षइल् तस्को मोल रूपैया सात वीस् अंकेपि १४० रूपैया दियाका दिन मु-
६. क्त कर्ता रणवीर साही साछि जसै षत्री मनश्राम षत्री मनिकंठ थापा भु-
७. जिवलन साहु दिसालि मधै षत्री श्रीशाके १६७३ जेष्ठ वदी ११ रोज शुक्र मु-
८. काम गुल्मि शुभं

छेउमा - लिषक पंडित् नित्यानन्द

(तमघासका पं. श्री परशुराम पन्थीसँग यसको सक्कलपत्र रहेको छ।)

## (६)

श्री

स्वस्ति श्रीरूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीशिवनारायण शाह देवानां सदा समर विजयिनाम् लि. उप्रांत गिदुवा माधौ पाँडेलाई सौ रूपियाँको वाधा

महाराजाले बक्सनुभयो अंकेपि १०० तस्को साध उभो गिदुवामाथिको नागी उधो गण्डकी पश्चिम पंधेरा खोलो पूर्व डिहिग्याका वितदेखि उभो डिहीं षोला कर्ता वीरनारायण शाह साक्षी शशिधर खत्री भागीराम खत्री मिति कार्त्तिक वदी १२ रोज ७ मुकाम गुल्मी शुभम् शाके १७०७

छेउमा – रूपिया दिया मुक्त लिषक हेमन्त शुभम्

(स्याङ्जा, वीरघाका श्री दीन दयाल पाण्डेसँग रहेको नकलपत्रबाट यो यहाँ दिइएको छ।)

(७)

श्री

श्रीशक्तिसहाये

स्वस्ति श्रीरूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजधिराज श्रीश्रीश्रीमत्सिद्धिप्रताप साह देवानाम् सदा समर विजयिनाम् लि. उप्रांत गंगाधर जैशीलाई श्री ५ वावाज्यूले पुगलीपुरको वनवुटा निजसंगको रूपैया ३०२ मध्ये वाधा बक्सनुभयाको रहेछ त्यो बमोजिम् हामीले थामिबक्सौं आफ्नु वाधा जानी भोग्य गर पूर्व साधका अर्थपूर्व पहरो दछिन रिडी षोलो पश्चिम छनी उस्योलो आरदोगाम डांडोको वानो चार्किल्लाभित्र वाधा जानी भोग्ये गर रुपयाँ दिया जग्गा मुक्त कर्त्ता वीरनारायण साही साक्षी छाप घर सेवक अमर पुरोहित धुंडीराज थम्वै षवास इति सम्वत १८५४ साल पौष सुदी ३ रोज ५ मुकाम गुल्मी शुभम्

(माल कार्यालय गुल्मीमा रहेको नक्कल पत्रबाट यो यहाँ दिइएको छ।)

(८)

श्री

स्वस्ति श्रीरूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री शक्तिप्रचण्ड साह देवानाम् सदा समर विजयिनाम् आग्ये गुल्मी गोर्मुनिया भेद पर्दा आमदानी मोहरू रूपैया ३०० के सवाई वट्टाले चलनी रूपैया ३७५ दछिना चानचुन पैसा रूपैया ८ ज्मा रूपैया ३८३ मध्ये चलनी रूपैया २०० भागीरथ आचार्जलाई गयो वांकी रूपैया १८३ भैरव गिरीलाई रह्यो इनी रूपैयाको वंधक उत्तर षानी जान्या बाटो साध थोर्ग्याली मुषिया विरस्पतिको षेत मनिको दुम्कीलोभित्र वेलतारी ३५ मुरी वाहेक पूर्व चुन ढुंगो दक्षिन सतिघाट पश्चिम गलफुल्या वद्धार इ चार किलाभित्र १८३ रूपैया दर्वारमा राषी श्री ५ महाकाली पृति वंधक गरिदिञ्युं कर अकरमा फर्फिरंता वेपारी भिक्षु संतधारि मेटि मुर्दावली धुपदीप अक्षेता मह्रौटी षेत मुरि २० के कुत मुरि छ खरको कुस अर्पनमाथि लोभानी पापानी दावा धक्का जस्ले गर्ला नह्रकमा पनि पर्ला यति गुठि दिञ्युं पुण्य श्री ५ महाराज साछि काजि नरभूपाल श्रीसर्दार उमराउ गिरी तुरूवा मिझार लेषक साछि छापदार तांसेन ढोकामा जउन् मालिक होला नजर गराइ ज्या कुराले हुंछ श्री ५ महाकाली पुण्य इति सम्वत् १८७२ साल वैसाष वदि ८ रोज ३ शुभम्

(माल कार्यालय, गुल्मीमा रहेको नकलपत्रबाट यो यहाँ दिइएको छ।)

(९)

श्री

१. स्वस्ति श्री जनरल भीमसेन थापाकस्य रूक्का
२. आगे गुल्मीमा सालवसाल रकम उठाउन जान्या जन रक-
३. मि गैह्रके ज्यथोचित उप्रान्त गुल्मीका राजाका
४. पूर्षा छेउ ज्मादार पर्सुराम षतृका पुर्षा लाहुरि
५. षत्रीले पाषो विर्ता पाइ धमपानीमा पौवा गुठि
६. राष्यामा आजतक् रकम केहि लाग्या-
७. को रहेन छ आज गोर्धुवा देउभनी टंटा ग-

८. न्याछौ र ज्मादार पर्सुराम षतृ यहाँ कराउन
९. आया तस अर्थ अघिदेषि केहि रकम क-
१०. लम नलाग्याको भया आज टंटा नगर छा-
११. डि देउ इति सम्वत् १८८३ साल मिति मार्ग
१२. सुदि १५ रोज ५ शुभ्म

(गुल्मी, खरजुङ्का श्री नेगुबहादुर टण्डनसँग यसको सकल पत्र रहेको छ।)

## (१०)

१. स्वस्ति श्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली
२. विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज राजेन्द्र
३. विक्रम साह वहादुर सम्सेर जंग देवानां सदा समर विजइनाम्
४. आगे महादेव पाँडे महेस्वर पाँडेके अघि गुल्मिका राजा तषतमा छँदै ति-
५. म्रा तगुवा षेत्र मध्येमा लियाका रूपैयाँ ३२४ औ वाहुल्या षेतमध्येमा
६. लियामा १४० ज्मा रूपैयाँ ४६४ चार्सय चौसट्ठी रूपैयाँ लि माझ-
७. कोटका अम्बलमा तगुवा षेत मुरि ८० औ वाहुल्या षेतमुरि ४० ज्मा षेत
८. मुरि १२० वाधा दियाका रहेछ ६२ सालमा जांचकिहेरूले जाचि बुझि
९. चाहार दरको षेत ठहराइ अघि षायाका मोहोरमध्ये सहर षेत केहि नझि-
१०. कि अघिकै ४६४ रूपैयामध्ये थामिदियाको आजसम्म तिमीले षाई वि-
११. होरी आयाको वाधा माझकोटका अम्बलमा तगुवा षेत मुरि ८० तस्को
१२. साध पूर्व ८४ सालमा डंगोलले नापि कट्टि गर्‍याको रैकर षेतको साध द-
१३. क्षिण फुल्दि षोलो पश्चिम वस्यालको जवदि उत्तर षोलाको साध औ
१४. वाहुल्या-षेत मुरि ४० तसको सांध पूर्व वंजाराको जवदि दक्षिण रैकर पश्चि-
१५. म कुलो उत्तर जलविरका रूषको सांध इतिचार किल्लाभित्र ज्माषेत मु-
१६. रि २० तगुवा षेतमा वियाडका चार गह्रा समेत थामि वाँधाको मोहोर
१७. गरिवक्स्यौं आफ्ना षातिर जामासंग वाधा जानि भोग्य गर जहिया दाम दे-
१८. व तहिया माटो लेव इति सम्वत् १८८९ साल मिति फागुण सुदि ३ रोज
१९. ६ शुभम्

मार्फत भीमसेनथापा
मार्फत् रणधोज साह
मार्फत् फत्तेजंग साह
मार्फत् रणजोर थापा

मार्फत् दलभंजन पांडे
मार्फत् कुलमानसिं वस्न्यात
मार्फत् उमाकान्त उपाध्या

(तमघासका श्री परशुराम पन्थीसँग यसको सकलपत्र रहेको छ।)

## (११)

स्वस्ति श्रीमद्दति प्रचण्ड भूजदण्डेत्यादि श्रीश्रीश्रीमहाराजा जङ्गबहादुर राणाजी प्राइम मिनिष्टर याण्ड कम्याण्डर इन् चिफकस्य रूक्का-

स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्रीकम्याण्डर इन् चिफ जनरल कृष्ण बहादुर कुंवर राणाजीकस्य पत्रम्

आगे गुल्मीका द्वान्या मुषिया भला आदमी र सालवसाल रकम कलम उठाउन जान्या जन रकमी गैह्रके यथोचित उप्रान्त हाम्रा पूर्षा लाहुरी षत्रीले गुल्मीका राजाबाट पाषा विर्ता पाइ धरमपानीमा घर र पौवा गुठी राष्यामा आजतक् रकम कलम केही लाग्याको थियन आजकल रकम कलममा रकमीहरूले टंटा गर्छन् भनी अघि भयाका सनद स्मेत देषाइ कम्याण्डर कर्णेल सनकसिंह षत्रीले हाम्रा हजुरमा विन्ति पत्र जाहेर भयो तसअर्थ अघिदेखि आजतक नलाग्याको जग्गामा रकम कलम देउ भनी टंटा नगर इति सम्वत् १९१६ साल मिति आश्विन वदि ६ रोज १ शुभ्म

(गुल्मी, खरजुङ्का श्री नेगुबहादुर टण्डनसँग रहेको नकलपत्रबाट यो यहाँ दिइएको छ।)



1. योगी नरहरि नाथ (संपा), **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, भाग १ (वि. सं. २०२२) पृष्ठ ५९७
2. जनकलाल शर्मा, **जोशमनी सन्त परम्परा र साहित्य**, (काठमाडौं : रायल नेपाल एकेडमी, २०२०) पृ. ९-१०
3. नरहरिनाथ, पूर्ववत् टिप्पणी १, पृ. ५९७
4. धनबज्र बज्राचार्य र अरू (संपा), **इतिहास संशोधनको प्रमाण प्रमेय**, पहिलो भाग (ललितपुर : जगदम्बा प्रकाशन, २०१९) पृ. २१-२८
5. लुशियानो पेटेक, **मेडिएभल हिस्ट्री अफ् नेपाल**, (रोम : सेरिज ओरियन्टल, इ. सं. १९५८) पृ. ३३
6. उही पृ. ५०
7. धनबज्र बज्राचार्य, "मध्यकालका शुरूका केही अभिलेख" **कन्ट्रिब्यूशन्ज टू नेपलिज् स्टडिज्**, ५।१ (पौष, २०३४), पृ. ९९-१००
8. धनबज्र बज्रचार्य, "कर्णाली प्रदेशको रूपरेखा" **कर्णाली प्रदेश : एक बिटो अध्ययन** (संपा) भीमप्रसाद श्रेष्ठ (जुम्ला : सामाजिक अध्ययन समुदाय, २०२८) पृ. ४३
9. शङ्करमान राजवंशी (संपा) **सेन वंशावली**, (काठमाडौं : श्री ५ को सरकार, वीर पुस्तकालय, २०२०) पृ. २८-३१
10. नरहरिनाथ, पूर्ववत् टिप्पणी, पृ. ५९७
11. बाबुराम आचार्य, **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह**, भाग १ (नेपाल : श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राजदरबार, २०२४) पृ. ४६
12. फ्रान्सिस वुचनान् हचामिल्टन, **आन एकाउण्ड अफ दि किङ्गडम अफ नेपाल**, पुनर्मुद्रण (न्यू दिल्ली : मञ्जुश्री पब्लिसिङ्ग हाउस, इ. सं. १९७१), पृ. २६३
13. ऐतिहासि सामग्री १, ३,४, ५ संख्या
14. ऐतिहासिक सामग्री १ संख्या
15. ऐतिहासिक सामग्री ३ संख्या
16. ऐतिहासिक सामग्री ४, ५ संख्या
17. ऐतिहासिक सामग्री ६, ७, ८ संख्या
18. राजवंशी, पूर्ववत् टिप्पणी ९, पृ. २८
19. नरहरिनाथ, पूर्ववत् टिप्पणी १, पृ. ५९७
20. राजवंशी, पूर्ववत् टिप्पणी ९, पृ. १२
21. ऐतिहासिक सामग्री १ संख्या
22. धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ, "पृथ्वीनारायण शाहको नुवाकोट दरबार" **कन्ट्रिब्यूशन्ज टू नेपलिज स्टडिज् २/२ (असार २०३२), पृ. १४५-४७**
23. हचामिल्टन, पूर्ववत् टिप्पणी १२, पृ. २६४-६५
24. टेकबहादुर श्रेष्ठ, "गुल्मी राज्यको ऐतिहासिक रूपरेखा" (अप्रकाशित प्रतिवेदन सामग्री खण्ड - नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०३९)

27. ऐतिहासिक सामग्री २ संख्या

26. टेकबहादुर श्रेष्ठ, "प्यूठान राज्यको ऐतिहासिक रूपरेखा" (अप्रकाशित प्रतिवेदन सामग्री खण्ड - नेपाल एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०३८)

27. ऐतिहासिक सामग्री ३ संख्या
28. ऐतिहासिक सामग्री ९ संख्या
29. ऐतिहासिक सामग्री ११ संख्या
30. टेकबहादुर श्रेष्ठ, "श्री दत्त पन्त र उनका गोपिका - स्तुति" **रूपरेखा** २१/९ (माघ, २०३७), पृ. २०
31. ऐतिहासिक सामग्री ४, ५ संख्या
32. ऐतिहासिक सामग्री ६, १०
33. ऐतिहासिक सामग्री ६ संख्या
34. टेकबहादुर श्रेष्ठ "कीर्तिवम मल्ल र उनका अप्रकाशित अभिलेख" **कन्ट्रिब्यूशन्ज टू नेपलिज् स्टडिज् ८/२ (असार, २०३८), पृ. ९७-१०१**
35. नयराज पन्त र अरू, **श्री ५ पृथ्वीनारायण शाहको उपदेश**, (ललितपुर : जगदम्बा प्रकाशन, २०२५), पृ. १००३-४
36. बाबुराम आचार्य, **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, भाग ३**, (नेपाल : श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, राजदरबार, २०२५), पृ. ५८०-८१
37. नरहरिनाथ, पूर्ववत टिप्पणी १ पृष्ठ १८१ - ८२
38. उही पृ. ७३५
39. नरहरिनाथ, पूर्ववत् टिप्पणी १, पृ. ४००-४०१
41. धनबज्र बज्राचार्य, "गुहार युग" **मधुपर्क २/६ (कार्तिक, २०२६), पृ. ३९-४०**
41. नरहरिनाथ, पूर्ववत् टिप्पणी १, पृ. ७३५-३६
42. दिनेश राज पन्त, "दैवज्ञ शिरोमणि लक्ष्मीपति पाँडे" **पूर्णिमा** २/४ (माघ, २०२२), पृ. ३७
43. रामजी तेवारी, वि. सं. १८४३ मा भएका केही मुख्य घटना" **पूर्णिमा** १/२ (श्रावण २०२१), पृ. ६१
44. श्रेष्ठ, पूर्ववत् टिप्पणी २६
45. धनबज्र बज्राचार्य र ज्ञानमणि नेपाल, **शक्तिवल्लभ अर्ज्यालको जयरत्नाकर नाटक**, (काठमाडौं : नेपाल सांस्कृतिक परिषद्, २०१४), पृ. १४२, २३४
46. धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ, **पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना**, (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि., २०३५) पृ. ७३-७४
47. चित्तरञ्जन नेपाली, **श्री ५ रणबहादुर शाह**, (काठमाडौं : श्रीमती मेरी राजभण्डारी, २०२०), पृ. २३-२४
48. धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ, **शाहकालका अभिलेख**, पहिलो भाग (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि. वि. २०३७), पृ. २४८
49. तोत्रराज पाण्डे र नयराज पन्त, **नेपालको संक्षिप्त इतिहास**, (काठमाडौं, २००४) पृ. १४७
50. श्रेष्ठ, पूर्ववत् टिप्पणी २६
51. हचामिल्टन, पूर्ववत् टिप्पणी १२, पृ. २६४
52. टेकबहादुर श्रेष्ठ, "अर्घाखाँची सतहुँ आदि चौबीसी राज्यको ऐतिहासिक रूपरेखा" (अप्रकाशित प्रतिवेदन-सामग्री खण्ड, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि. २०४०)
53. ऐतिहास्कि सामग्री ७ सख्या
54. कृष्णकान्त अधिकारी, "दि स्टचाट्स, पावर्स आयण्ड फङ्शन्स अफ राजाज अचाण्ड रजोटाज् ड्युरिङ्ग दि नाइटिन्थ सेन्चुरी नेपाल इन् दि लाइट् अफ कन्टेम्पोररी डकुमेन्टस्" **कन्ट्रिब्यूशन्ज टू नेपलिज् स्टडिज् ८/१ (पौष, २०३७), पृ. १४७**
55. शङ्करमान राजवंशी (संपा), पुरातत्त्वपत्र संग्रह, भाग २ (काठमाडौं : श्री ५ को सरकार पुरातत्त्व र संस्कृति विभाग, २०१८), पृ. १०७
56. ऐतिहासि सामग्री ८ संख्या